# अन्तिम लेखापरीक्षण प्रतिवेदन

नार्पाभूमी गाउँपालिका, मनाङ

## आर्थिक वर्ष २०७६/७७

महालेखापरीक्षकको कार्यालय

काठमाडौं

*Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश ... परीक्षण महा-निर्देशनालय(**


पत्र संख्याः २०७८/७९
च.नं.:२०८ मितिः २०७८।०५।०४

श्री प्रमुखज्यू,
नार्पाभूमी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
मनाङ।

**विषयः- <u>लेखापरीक्षण प्रतिवेदन।</u>**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०।२ (बमोजिम यो प्रतिवेदन जारी गरिएको छ। उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०।३ (र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ।

**(इन्द्र प्रसाद आचार्य)**

**नायव महालेखापरीक्षक**

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २०मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र (२) नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी ठठ।इण्ठटयो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान ,लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन,लेखापरीक्षण निर्देशिका स्थानीय तह , महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐननियमको आधारमा सम्पन्न गरिएको छ ,। लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन,सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग ,खरिद व्यवस्थापन , जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ। त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ। प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता दक्षता र प्रभावकारिता हासिल गर्न ,सहयोग पुग्ने अपेक्षा गरिएको छ।फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ।

लेखापरीक्षणबाट मूलत आन्तरिक आय र राजस्व बाँडफाँटको :प्रक्षेपण यथार्थपरक नरहेकोआन्तरिक आय , ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएकोआय , सङ्कलन न्यून रहेको,बक्यौता असुलीमा प्रभावकारिता नआएको ,बेगर राजस्व छुट दिएको पर्याप्त आधार , बजेट अनुशासन कमजोर रहेकोखर्च पश्चात बजेट तथा कार् ,अबण्डा बजेट राखेको ,यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको ,वर्षान्तमा बढी खर्च गरेको , अत्यधिक प्रशासनिक खर्च ,खरिद कानून विपरीत सोझै खरिद गरेको गरेकोवितरणमु ,बचत अनुदान फिर्ता नगरेको ,खी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन्।त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेकोजटिल ,साना तथा टुक्रे आयोजनाको छनौट गरेको , तो ,प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएकोकिएबमोजिम जनसहभागिता नजुटेकोदि ,गो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेकोदीर्घकालीन विकासको खाका त ,र्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेकोकर्मचारी नियुक्ति तथा बढुवा ,मा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएकोसञ्चालित ,साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको ,स्रोत ,सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको , योजनाआन लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र ,बैंक हिसाब विवरण तयार गर्ने नगरेको ,सेवा प्रवाहको अभिलेख नराखेको ,कार्यक्रम ,तरिक नियन्त्रण कमजोर रहेको छ।साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन , लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ। ,कार्यक्षेत्रलेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो।लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो।लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनभौतिक पूर्वाधार र सेवा प्रवा ,हमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु।

**)टंकमणि शर्मा, दंगाल(**

**२०७ ड्भाद्र ४ गते** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

**Office of the Auditor General**

Phone: 4262381
4262415, 4262417
Fax: 977-1-4268309
977-1-4262798
Post Box: 13328
बबरमहल, काठमाडौं, नेपाल

**(बागमती र गण्डकी प्रदेश लेखापरीक्षण महा-निर्देशनालय)**


पत्र संख्याः २०७८/७९ च.नं:. मितिः२०७८।०५।०४

श्री प्रमूखज्यू, १६२
नार्पाभूमी गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय,
मनाङ।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

**कैफियत सहितको राय**

हामीले नार्पाभूमी गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय व्यय विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को वित्तीय विवरण र त्यससँग सम्बन्धित आय- व्यय विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको रायव्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।
२. लेखापरीक्षणबाट रु.१ करोड ७३ लाख ५३ हजार बेरुजू देखिएको छ।सोमध्ये असुल गर्नुपर्ने रु.११ लाख ५० हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६४ लाख २४ हजार र नियमित गर्नुपर्ने रु.९७ लाख ७९ हजार रहेको छ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरूका सम्बन्धमा मिति २०७८।०२।०२ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरू हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना २४ (चौबिस) यसैसाथ संलग्न छ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ।वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यकारिणी, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन।वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ।

**(इन्द्र प्रसाद आचार्य)**
**नायव महालेखापरीक्षक**

## लेखापरीक्षण प्रतिवेदन

**स्थानीय सञ्चित कोषः आर्थिक वर्ष २०७६।७७ को स्थानीय सञ्चित कोष आय व्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ।**

| आय तर्फ | | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | विविरण | रकम | रकम | क.सं. | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | १,९३,३१,३५५.०० | १ | चालु खर्च | ५४०२२७१४.२३ | ५४०२२७१४.२३ |
| | क) संचित कोष खाता | १,९३,३१,३५५.०० | | २ | पूँजिगत खर्च | ५८३७१६०६.०० | ५८३७१६०६.०० |
| | ख) कर्मचारी कल्याणकारी कोष | ०.०० | | ३ | प्रकोप व्यवस्थापन कोष | ५९१०००.०० | ५९१०००.०० |
| | ग) आन्तरिक राजश्व खाता | ०.०० | | ४ | वित्तीय व्यवस्था भूक्तानी | ० | ०.०० |
| | | | | ५ | लगानी | ० | ०.०० |
| २ | राजस्व (आन्तरिक आय ) | | ३९,६४,८९७.०४ | ६ | धरौटी फिर्ता | ० | ०.०० |
| | क) भूमिकर/मालपोत | ०.०० | | ७ | बजेट फिर्ता | ५८८४७६१.३२ | ५८८४७६१.३२ |
| | ख) घर जग्गा रजिष्ट्रेशन दसतुर | ७८७०.०० | | ८ | अर्थ बजेट | ११६६०७६.०० | ११६६०७६.०० |
| | ग) घर बहाल कर | ५६२५०.०० | | ९ | मौज्दात | | ५६५९६१७९.६७ |
| | घ) विष्फोटक पदार्थ विक्री | ३०१००४.५० | | | क) चालु खर्च खाता | १८४८६४२.६४ | |
| | ङ) विविध शुल्क | ७४४००.०० | | | ख) पूँजीगत खर्च खाता | ६२२१२८९.०० | |
| | च) सिएएमसीबाट प्राप्त | ३०००००.०० | | | ग) संचित कोष खाता | ४३४९२८१०.०३ | |
| | छ) बेरुजु दाखिला | ३०७७८९७.०० | | | घ) आन्तरिक राजश्व खाता | ०.०० | |
| | ज) अन्य आय | १४७४७५.५४ | | | ङ) कर्मचारी कल्याणकारी कोष | ०.०० | |
| ३ | संघीय सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण | | ९,७८,०२,०७६.०० | | च) धरौटी खाता | १२४४३८.०० | |
| | क) वित्तीय समानीकरण अनुदान | ६७००००००.०० | | | छ) प्रकोप व्यवस्थापन कोष | ४९०९०००.०० | |
| | ख) सशर्त अनुदान | २९६३६०००.०० | | | | | |
| | ग अर्थ बजेट | ११६६०७६.०० | | | | | |
| ४ | प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण | | १,४८,६५,२८८.०० | | | | |
| | क) वित्तीय समानीकरण अनुदान | १२०५३०००.०० | | | | | |
| | ख) सशर्त अनुदान | ०.०० | | | | | |
| | ग) विशेष अनुदान | २८१२२८८.०० | | | | | |
| ५ | राजश्व बाँडफाँडबाट प्राप्त | | २,१८,९१,२४५.१८ | | | | |
| ६ | जिल्ला समन्वय समितिबाट प्राप्त | २५०००००.०० | २५,००,०००.०० | | | | |
| ७ | अन्तर सरकारी हस्तान्तरण | | १,११,५३,०३८.०० | | | | |
| | क) सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रम | २३३९२००.०० | | | | | |
| | ख) स्थानीय पूर्वाधार | ७४०६८७६.०० | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विकास साझेदारी कार्यक्रम | | | | | | |
| | ग) गरिव सँग विश्वेश्वर कार्यक्रम | ०.०० | | | | | |
| | घ) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण कार्यक्रम | ९०६९६२.०० | | | | | |
| | ङ) मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यालय | ५०००००.०० | | | | | |
| ८ | धरौटी | १२४४३८.०० | १,२४,४३८.०० | | | | |
| ९ | प्रकोप व्यवस्थापन कोष | ५००००००.०० | ५०,००,०००.०० | | | | |
| | **जम्मा** | **१७६६३२३३७.२२** | **१७६६३२३३७.२२** | | **जम्मा** | **१७६६३२३३७.२२** | **१७६६३२३३७.२२** |

<table>
<tr><th>दफा नं.</th><th>भौ.नं./मिति र विवरण</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नार्पा भूमि गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ५ वडा, २१ सभा सदस्य, ७३७.५४ वर्ग किलोमिटर क्षेत्रफल तथा ६१५ जनसंख्या रहेको छ ।</td><td></td></tr>
<tr><td></td><td>कानुनी पक्षः</td><td></td></tr>
<tr><td>१</td><td>गाउँपालिकाको मुकाम सम्बन्धमा - गाउँपालिकाको स्थाइ मुकाम वडा नं. ३ च्याँखु तोकिएकोमा लेखापरीक्षण अवधि २०७८।१।२५ सम्म स्थायी मुकाममा पुर्णरुपमा कार्यालय सञ्चालनमा ल्याएको देखिएन । गाउँपालिकाले प्रवाह गर्ने सेवा स्थानीय तहमै बसेर गर्दा जनतालाई सहज हुने र स्थानीयलाई नजिकवाट सेवा प्राप्त हुन्छ । यस गाउँपालिकाको स्थाई मुकाम च्याँखु भए तापनि आर्थिक कारोवार सञ्चालन भने चामे गाउँपालिकाको वार्ड नम्बर ३ कोतोबाट भएको देखिन्छ । अतः गाउँपालिकाले स्थानीय तहमै गई सेवा प्रवाह गर्नुपर्दछ । इन्टरनेटको सुविधा, बैङ्गिग सुविधा एवं विद्युत सुविधा समेत नभएका कारण स्थानीय तहमा पूर्ण रुपमा सेवाप्रवाह सूचारु गर्न नसकिएको र आगामी महिनादेखि पुर्णरुपमा च्याँखुवाटै सेवा प्रवाह गरिने गाँउपालिकाले जनाएको छ ।</td><td></td></tr>
<tr><td>२</td><td>पोशाक भत्ताः नेपाल सरकारले हिमाली क्षेत्रका जिल्लाहरुको लागि वार्षिक पोशाक भत्ता रु १५००० तोकीएकोमा पालिकाले निम्न कर्मचारीहरुलाइ तोकीए भन्दा वढी रु १७५०० का दरले भूक्तानी गरेकोले उक्त रकम असूल गर्नुपर्ने रु
<table>
<tr><th>सि न</th><th>कर्मचारी</th><th>संख्या</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>१</td><td>पालिका तर्फ</td><td>१७</td><td>४२५००</td></tr>
<tr><td>२</td><td>स्वास्थ्य तर्फ</td><td>६</td><td>१५०००</td></tr>
<tr><td>३</td><td>शिक्षक तर्फ</td><td>९</td><td>२२५००</td></tr>
<tr><td>३</td><td>कृषि तर्फ</td><td>१</td><td>२५००</td></tr>
<tr><td>४</td><td>वडा तर्फ</td><td>१०</td><td>२५०००</td></tr>
<tr><td>४</td><td>एमआइ एस अपरेटर र अन्य</td><td>३</td><td>७५००</td></tr>
</table></td><td>११५०००</td></tr>
<tr><td>२.२</td><td>कानुन निर्माणः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले हालसम्म १२ ऐन, ६ नियमावली, ९ कार्यविधि १ आचार संहिता १ मापदण्ड र १ निर्देशिका समेत ३० कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।</td><td></td></tr>
<tr><td>२.३</td><td>न्यायीक समिति – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । यस पालिकामा कुनैपनि विवाद दर्ता भएको छैन् ।</td><td></td></tr>
<tr><td>३</td><td>वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा</td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| ४ | **कर्मचारी करार** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले पशुसेवा तर्फ २, स्वास्थ कर्मी ५, कार्यालय सहयोगी ११, अन्य ५ समेत २३ जना कर्मचारीहरु करारमा राखी रु ३११८२७४। खर्च लेखेको छ । | |
| ५ | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,<br>• पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा पालिकाको सबै मालसामान समेटेको पाईएन । | |

| | | |
|---|---|---|
| | • सहायक जिन्सीखाता व्यवस्थीत गरको देखिएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• नर्पा भूमि गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ८ र ९ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन ।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांश पालना भएको पाईएन।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ १३ र प्रशासनिकतर्फ १६ समेत २९ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा प्राविधिकतर्फ १० र प्रशासनिकतर्फ ९ समेत १९ पदपूर्ती भएकोमा पालिका सञ्चालनमा कर्मचारीको अभाव रहेको छ ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन ।<br>• नार्पा भूमि सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्योहोर्ने वा बेहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको छैन ।<br>• स्थानिय सरकार संचालन ऐ,न, २०७४ को दफा ११ मा गांउपालिका क्षेत्रमा स्थल जल वायु तथा ध्वनि प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ। गाउंपालिकाले यो बर्ष वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तर्जुमा गरेको छैन।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ वमोजिम स्थानिय तहले भु जोखिम | |

| | | |
|---|---|---|
| | संवेदनशिलताका आधारमा जग्गाको उपयोग सम्वन्धि मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधिनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृती दिन सक्ने व्यवस्था छ।यस नगरपालिकाले जग्गाको उपयोग सम्वन्धी मापदण्ड वनाई लागु गरेको देखिएन।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीएबमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.१ | **आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । पालिकाको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण अन्तिम चौमासीकमा कार्यालयकै अन्तरिक लेखापरीक्षकवाट भएको पाइयो । कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण नियमित गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ । | |
| ६ | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कुन्जो तेन्जीङ लामाले २०७६।३।१० गते रु.१५ करोड ५९ लाख ४० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।३।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ६.१ | **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रमबमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुँजिगत खर्चको स्थिति स्पस्ट उल्लेख भै नअएकोले चौमासिक रुपमा खर्च विश्लेषण गर्न सकिएन । | |
| ६.२ | **खर्च बिश्लेषणः** पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु ८८७०००।०० राजस्व बाँडफाँड र अनुदानबाट रु १७५७४५३३७।०० समेत रु १७६६३२३३७।२२ आम्दानी भएकोमा चालु तर्फ रु ५४०२२७१४।२३ र पूँजिगत तर्फ रु ५८३७१६०६।०० समेत रु ११२३९४३२०।२३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.७९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुविधामा रु ४७०००० खर्च भएको छ जुन आन्तरिक आयको ५२।९८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ४८.०६ प्रतिशत चालु र ५१.९३ प्रतिशत पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ६.३ | **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा शिर्षकगत अनुमान नगरी एकमुष्ठ आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर | २४७५००० | ०० | ३५।८४ |
| घर बहालकर | | ५६२५० | |
| बहाल विटौरी | | ०० | |

| | | | |
|---|---|---|---|
| सरकारी सम्पितको बहालवाट प्राप्त आय | | ०० | |
| मालपोत | | ७८७० | |
| शुल्क | | ५४०० | |
| अन्य | | ८१७४८०।०४ | |
| जम्मा | | ८८७००० | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

७ **राजस्वको अभिलेख** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) मा स्थानीय तहले आफ्नो कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा राख्नुपर्ने उल्लेख छ । गाउँपालिकाले यस आर्थिक वर्षमा रु २४ लाख ७५ हजार राजस्व लक्ष्य राखेकोमा रु ८८७००० राजस्व संकलन गरेको छ । राजस्व संकलन सम्बन्धमा निम्न अवस्था देखिएको छ :

कार्यालयले यस वर्ष राजस्व आम्दानीतर्फ म.ले.प.फा.नं. १०८, १०८क र २३ का खाताहरू राखेको छैन । वडाहरूबाट राजस्व प्राप्त गर्न प्रयोग गरिएका रसिदहरू एउटा वडाको मात्र नभई एकै रसिदमा २।३ वडाको आम्दानी प्राप्त भएको पाइयो । कुन वडाबाट कति राजस्व प्राप्त भएको हो भन्न सकिने अवस्था रहेन । अतः पालिकाले वडा अनुसार छुट्टाछुट्टै रसिद आवश्यकता अनुसार उपलब्ध गराउनु पर्दछ र प्राप्त आम्दानी रुजु गरी ऐनको व्यवस्था अनुसार म.ले.प.फा.नं. १०८, १०८ क र म.ले.प.फा.नं. २३ का नयाँ संशोधित फारममा प्रविष्ट गरी राजस्व असुली लेखा व्यवस्थित गर्नुपर्दछ ।

- पालिकाले रसिद नियन्त्रण खाता तयार नगरेकोले के कति रसिद आम्दानी भयो र कति रसिद खर्च भयो सो को कुनै अभिलेख देखिएन। यसले गर्दा कति राजश्व आम्दानी भयो एकिन हुन सकेन।
- वडाहरुले उठाउने मालपोत राजश्वको रसिद नम्बर पटक पटक दोहोरिएको पाइयो।
- पालिका आफैले संकलन गरेको राजस्व वाहेक वडा कार्यालयवाट प्राप्त रकमको शिर्षकगत विवरण नराखेको कारण कुन शिर्षकमा कति रकम प्राप्त भयो कुनै अभिलेख राखेको छैन ।
- गाउँपालिकामा विभिन्न कर्मचारी र वडाबाट राजस्व दाखिला र रसिद काट्ने गरेकोले अभिलेख भिडान गर्न सक्ने अवस्था नरहेको ।
- गाउँपालिकाभित्र आर्थिक ऐनमा उल्लेख भएको वर्गीकरण बमोजिम कति संख्यामा व्यवसाय, होटल वा वित्तिय संस्था लगायतका करयोग्य क्षेत्र छन् यकिन नभएको । वडाहरुले रसिद काट्दा सिलसिलेवार मितिमा नकाटेको देखियो।
- गाउँपालिकाले बैक दाखिलाका आधारमा श्रेस्तामा आम्दानी बाँधने गरेको ।
- राजस्व वक्यौताको अभिलेख राखेको छैन । यस कार्यालयले उठाउने सबै प्रकारका राजश्वको लगत अद्यावधिक गरि उठाउनुपर्नेमा उठाएको छैन ।

८ **सेवा प्रवाहः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा वडा कार्यालयको काम, कर्तव्य र अधिकारको व्यवस्था छ । गाउँपालिकावाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १५ र मृत्यु दर्ता ८, नागरिकता सिफारिस ७ वटा गरेको पाइयो।

९ **नक्सा पास र मुल्याङकनः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा २७ को १ अनुसार कसैले पनि गाउँपालिका वा नगरपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने व्यवस्था छ । तोके बमोजिम संरचना निर्माण गर्नुपुर्व गाउंपालिकाबाट त्यसको नक्सा पास गर्ने व्यवस्थालाई प्रभावकारी कार्यान्वयन र मुल्याङकन प्रणालीलाइ यथार्थपरक बनाउनुपर्दछ ।

१० **धेरै सँख्यामा निर्माण** : गाउँपालिकाले यस वर्षा गाउँपालिका पुँजिगत खर्च शिर्षक तर्फ निम्नानुसारका ४९ टुक्रामा निर्माण काम गराएको छ । गाउँसभाबाट योजना छनोट गरी रकम विनियोजन गर्दा लाभग्राहीहरु प्रत्यक्ष रुपमा लाभान्वित हुनेगरी योजनाको लागी प्रयाप्त रुपमा बजेट विनियोजन हुनुपर्ने देखिन्छ ।

| क्र.सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमका योजना | १ | ४५००० |
| २ | रु.१ लाख देखि रु.५ लाख सम्मका योजना | १४ | ४७०५००० |
| ३ | रु.५ लाख देखि रु.५० लाख सम्मका योजना | ३२ | ६१९९५००० |
| ४ | रु.५० लाख देखि रु.१ करोड सम्मका योजना | १ | ७०००००० |
| ५ | रु.१ करोड देखि माथिका योजना | १ | १३०००००० |

११ **सवारी साधन खरिद** -अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले १ थान दुइ पांग्रे सवारी साधन सामानीकरण अनुदानबाट रु.३२४०००.००, खर्च गरेको छ । यस पालिकामा सडक यातायात नभएको अवस्थामा ४ वटा मोटरसाइकल खरिद गरी एक बाइक काठमाण्डौमा एक बाइक बेशीशहरमा गरी २ वटा बाइक प्रमुख प्रशासकीय अधिकृतको जिम्मामा रहेको, एक गाउँपालिका अध्यक्षको जिम्मामा चामेमा र एक बाइक जिन्सी शाखा प्रमुखको जिम्मामा चामेमै रहेको छ । यसरी यातायातको सुविधानै नभएको अवस्थामा सवारी साधन खरिद गरेको उपयुक्त देखिएन ।

१२ **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष रु. १२९००३४.०० खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

**स्वास्थ्य तर्फ**

१३ **औषधी खरिद** -पालिकाले यो वर्ष रु. २८०२५६८।०० को औषधि तथा औजार खरिद गरेकोमा यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

१४ **खरिद आदेश** : जिन्सी लेखा प्रणालीमा अधिकार प्राप्त अधिकारीवाट खरिद आदेश स्वीकृत भइसकेपछि मात्र खरिद गर्नुपर्ने र खरिद गरिएका मालसामान दाखिला प्रतिवेदन तयार गरी खर्च भएर जाने र नजाने मालसामान छुट्याइ जिन्सी खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाको स्वास्थ्य शाखाले यो वर्ष विभिन्न मितिमा औषधी र उपकरण खरिद गर्दा अधिकार प्राप्त अधिकारीवाट खरिद आदेश स्वीकृत गराएको नदेखिनुका साथै खरिद गरिएका औषधी र उपकरण पालिकाको जिन्सी

खातामा दाखिला समेत गरेको देखिएन । जनगणना २०६८ अनुसार यस पालिकाको जम्मा जनसंख्या ६१५ मात्रै देखिएको तर औषधी एवं उपकरण अस्वभाविक मात्रामा बढी खरिद गरेको देखिएकोले उक्त औषधीहरु मौज्दात नै रहन गइ म्याद समेत समाप्त हुन सक्ने देखियो ।यसरी खरिद गरिएका औषधी दाखिला एवं वितरणको प्रमाण पेश गर्नुपर्ने देखिएको रु २८०२५६८

| भौ नं मिति | रकम |
|---|---|
| ४। ०७६।६।६ | ६४९९३० |
| ४।०७६।६।६ सामानीकरण अनुदान | ४९९८७४ |
| ९।०७६।६।१० | १४९९८० |
| २२।०७६।७।२९ | २९८३२ |
| २१।०७६।७।२९ | ६९२२८ |
| २०।०७६।७।२९ | २५९३३ |
| २३।०७६।७।२९ | २९९४५ |
| ६७।०७७।३।२५ | ४९८८४३ |
| ६८।०७७।३।२५ | ३४९८४८ |
| ६९।०७७।३।२५ | ४९९१५५ |
| जम्मा | २८०२५६८ |

१४.१ **सेवा शुल्क भूक्तानीः** आयकर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भूक्तानी गर्दा १५ प्रतिशत अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकामा स्वास्थ्य सामाग्री छपाई वापत वेष्ट डीजाइन एण्ड प्रिन्टिङ सपोर्ट्स हाउस, पुतलीसडकलाई निम्नानुसार भूक्तानी गरी सोधभर्ना लिएकोमा अग्रिम कर कट्टा नगरेकोले असुल गर्नुपर्ने रु.....

| भौ नं र मिति | सोधभर्ना लिनेको नाम | रकम | कर |
|---|---|---|---|
| ९।०७६।६।१० | अहेव श्री विषराम परियार | ९७६५० | १४६४७।५० |
| १४।०७६।७।८ | अहेव श्री विषराम परियार | ४००० | ६००।०० |
| ११।०७६।६।१० | अहेव श्री विषराम परियार | १०००० | १५००।०० |
| १६।०७६।७।२४ | अहेव श्री अमित सापकोटा | १०००० | १५००।०० |
| | जम्मा | **१२१६५०** | **१८२४७।५०** |

१८२४८

१४.२ **ननफाइलरः** स्थायी लेखा नम्बर ६०१६४१३१६ भएको वेष्ट डीजाइन एण्ड प्रिन्टिङ सपोर्ट्स हाउस, पुतलीसडकबाट विभिन्न कार्य गराइ रु १२१६५० भूक्तानी गरेकोमा उक्त संस्थाले आर्थिक वर्ष २०७४।७५ देखि सम्बन्धित कर कार्यालयमा आय विवरण नबुझाइ ननफाइलर रहेको देखिन्छ। उक्त संस्थाबाट खरिद गरिएका सबै भूक्तानी अहेव श्री विषराम परियार र अमित सापकोटाले बुझेको देखिएकोले उक्त विलका आधिकारिकता सम्बन्धमा एकिन हुन नसकेको रु......

१०३४०३

१५ **मुल्य फरकः** स्वास्थ्य सम्बन्धी उपकरणहरु खरिद गर्दा स्पेसिफिकेशन स्पष्ट नबनाई खरिद गर्ने गरेको देखियो। कार्यालयले अहेव श्री अमिताव आलमले वि पि सेट स्टेथेस्कोप पाँच वटा रु ३५५० मा खरिद गरेको देखिन्छ। सामाग्री खरिद गर्दा सामानको गुणस्तर र स्पेसीफिकेसन स्पष्ट नगरी खरिद गर्दा खरिद दरमा भिन्नता हुनजान्छ । खरिद गरेको मुल्यलाई आधार मान्दा निम्न भौ नं र मितिबाट खरिद गरिएका उक्त सामानको बढी मुल्य देखिएकोले फरक दर सम्बन्धमा स्पषट गरी पेश गर्नुपर्ने रु......

| भौ नं र मिति | खरिद गर्नेको नाम | खरिद रकम | बढी रकम |
|---|---|---|---|
| ९।०७६।६।१० | अहेव श्री विषराम परियार | ३ वटा रु ५२०० का दरले | ४९५० |
| ६९।०७७।३।२५ | साहस मेडीकल | १० वटा रु ४४२० का | ८७०० |

१३६५०

| | | |
|---|---|---|
| | दरले | |

१६ **प्रतिवेदन भत्ताः** गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७५ बमोजिम प्रतिवेदकको पारिश्रमिक सम्मेलन, गोष्ठी र कार्यशालामा मात्र पाउने व्यवस्था छ। पालिकाको निम्न कर्मचारीले मापदण्डमा उल्लेख भए भन्दा अन्य कार्यक्रमको प्रतिवेदक पारिश्रमिक लिएकोले असुल गर्नुपर्ने रु.......

| भौ नं र मिति | प्रतिवेदकको नाम | विषय | रकम |
|---|---|---|---|
| ३१।०७६।१२।१३ | अहेव श्री विषराम परियार | प्रचार प्रसार कार्यक्रम | १००० |
| | अहेव श्री श्रीराम यादव | प्रचार प्रसार कार्यक्रम | १००० |
| ३२।०७६।१२।१३ | अहेव श्री अमित सापकोटा | भिटामिन ए वितरण | १००० |
| ५१।०७७।३।२ | अहेव श्री श्रीराम यादव | भिटामिन ए वितरण | २००० |
| ६०।०७७।३।३ | अहेव श्री श्रीराम यादव | कार्यक्रम अनुगमन | १००० |
| | | **जम्मा** | **६०००** |

६०००

१७ **यातायात खर्चः** ५८।०७७।३।३, गण्डकी प्रदेश खर्चको मापदण्ड, २०७५ अनुसार यातायातका साधान संचालन नहुने स्थानमा यातायात वापतको खर्च नपाउने व्यवस्था छ। पालिकाका निम्न कर्मचारीहरुले गाउँघर क्लिनीक संचालन गरेवापत यातायात खर्च दावी गरेको देखियो । यस सम्बन्धमा कर्मचारीले विकट र दुर्गम स्थानमा घोडा लगायतका सवारी माध्यम प्रयोग गर्नुपरेका कारण यातायात खर्च भुक्तानी गर्नुपरेको जनाएको छ । यातायातका लागि सवारी साधन सञ्चालन नभएको अवस्थामा यातायात खर्च भूक्तानी गर्ने कार्य उपयुक्त नदेखिएको रु

| कर्मचारीको नाम | पद | स्थान | रकम |
|---|---|---|---|
| श्री अमित सापकोटा | अहेव | मेता र क्याङ | २०४०० |
| श्री विषराम परियार | अहेव | मेता र क्याङ | २०४०० |
| | | **जम्मा** | **४०८००** |

४०८००

१८ **कार्यक्रम समिक्षाः** ५९।०७७।३।३, स्थानीय तहका स्वास्थ्य संस्थाहरुको मासिक, चौमासिक समिक्षा, सूचना संकलन, गुणस्तर सुधार साथै विद्युतीय प्रतिवेदनका लागि इन्टरनेट सेवा महशुल भूक्तानी समेतमा ७३००० बजेट व्यवस्था भएकोमा स्वास्थ्य संयोजक श्रीराम यादव मार्फत चौमासिक समिक्षा मात्र गरेको अवस्थामा सबै रकम खर्च लेखेको देखियो। त्यस्तै प्रकृतिको समिक्षा कार्यक्रम संचालन गर्दा गोश्वारा भौचर नम्बर ४६ मिति २०७७।३।३ अनुसार रु ५९८५५ मात्र खर्च भएकोले स्वीकृत कार्यक्रम सबै सम्पन्न नगरी बढी खर्च दाबी गरेकोले फरक रकम रु १३१४५ असुल गर्नुपर्ने रु.... १३१४५

१९ **आधारभूत स्वास्थ्य केन्द्र निर्माण सम्बन्धमाः** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं. २०० मिति २०७६।८।८ को पत्र अनुसार स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र निर्माण तथा संचालन गर्ने गरी यस पालिकालाई ५५८०००० बजेट व्यवस्था भएकोमा कुनै पनि स्वास्थ्य संस्था नबनाई ३ वटा वडामा भवन भाडामा लिई करारमा स्वास्थ्यकर्मी नियुक्ति गरी रु १४१७८४६ को औषधी तथा उपकरण खरिद गरेको देखियो। पालिकाले आवश्यकता अनुसार वडाहरुमा आधारभूत स्वास्थ्य सम्बन्धी भवन निर्माण गर्नेतर्फ ध्यान दिनुपर्दछ।

२० **असम्बन्धित खर्चः** ३६।०७६।१२।१३, पालिकाले आधारभूत तथा आकस्मिक सेवा, स्वास्थ्य चौकी न्यूनतम सेवा मापदण्ड अभिमुखिकरण कार्यक्रम भएकोमा उक्त कार्यक्रम नै संचालन नगरी निम्नानुसार खर्च भएको देखिएकोले उद्देश्य बमोजिम कार्यक्रम संचालन भएको विश्वसनिय आधार श्रेस्तासाथ संलग्न नभएकोले अनियमित देखिएको रु.....

| कर्मचारीको नाम | पद | विवरण | रकम |
|---|---|---|---|
| श्री विषराम परियार | अहेव | प्रतिवेदन वापत | २००० |
| श्री श्रीराम यादव | स्वास्थ्य संयोजक | अनुगमन वापत २ पटक | ६४२४ |
| श्री सन्तोष अधिकारी | मेडिकल अधिकृत | अनुगमन वापत | ५७८४ |
| श्री अमित सापकोटा | अहेव | अनुगमन वापत | ३२१२ |
| श्री राजेन्द्र श्रेष्ठ | हे अ | अनुगमन वापत २ पटक | १०८९६ |
| श्री विषराम परियार | अहेव | अनुगमन वापत | ३२१२ |

६५६३२

| | | | |
|---|---|---|---|
| श्री सन्तोष अधिकारी | डाक्टर | अनुगमन वापत | ५७८४ |
| | | खाजा खर्च वापत | २८३२० |
| | | जम्मा | ६५६३२ |

**शिक्षा तथा खेलकुद तर्फ**

२१. **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २ आधारभूत विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विधार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | श्री नार आधारभूत विद्यालय | ४ | ४ | ४ | ६ |
| २ | श्री फू आधारभूत विद्यालय | ३ | ३ | १ | ० |
| | जम्मा | ७ | ७ | ५ | ६ |

उल्लेखित तालिकामा नार आधारभूत विध्यालयमा शिक्षक विधार्थि अनुपात १:१.५ रहेको छ भने दिन फू आधारभूत विद्यालयमा बाल विकास बाहेक विधार्थि नै नभएको अवस्थामा ३ जना शिक्षक रहेको देखियो । यसरी हेर्दा पालिकाले शिक्षक विधार्थी अनुपात नमिलाइ अवश्यकता भन्दा वढी शिक्षक मिलान नगरी थप व्ययभार पारेको देखियो ।

२२. **विधार्थी बिनाका विध्यालयः** पालिकाले शिक्षा क्षेत्रमा शिक्षक विधार्थी अनुपात मिलाइ विध्यालय व्यवस्थापन गर्नुपर्दछ । फू आधारभूत विद्यालयमा बालविकास बाहेकका एक जना पनि विधार्थी नभएको अवस्थामा २ जना स्थायी र एकजना करार शिक्षकलाइ वार्षिक रु १२६४५९० तलब र स्थानीय भत्ता र अन्य सुविधा दिएको देखियो । यसरी अध्यापन गर्न नियुक्त शिक्षकले वर्षैभरी एउटा पनि कक्षा नलिएको अवस्थामा तलब भूक्तानी गरी नेपाल सरकारलाइ थप व्ययभार पारेकोले नियम संगत नदेखिएको रु १२६४५९०

२३. **प्रारम्भिक बाल विकास तर्फः** पालिकामा रहेका विद्यालयहरुमा निम्नानुसार विद्यार्थी रहेको देखिन्छ।

| सि.नं. | विद्यालयको नाम | विद्यार्थी संख्या |
|---|---|---|
| १ | श्री नार आधारभूत विद्यालय | ६ |
| २ | श्री फू आधारभूत विद्यालय | ७ |

उल्लेखित विद्यालयमा अत्यन्त न्यून संख्यामा विद्यार्थी रहेको देखिन्छ। पालिकाले न्यून विद्यार्थी संख्यालाई बढाउन थप प्रभावकारी कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

**कोभिड–१९ तर्फः**

२४. आ.व. २०७६।७७ को आषाढ मसान्तसम्म कोभिड–१९ रोकथाम तथा नियन्त्रणको लागि भएको आम्दानी तथा खर्चको विवरण निम्नानुसार रहेको छ।

| आम्दानी स्रोत | रकम रु | खर्च शिर्षक | रकम रु |
|---|---|---|---|
| प्रदेश सञ्चित कोषवाट | ५,००,००० | राहात वितरण | ९९५०००.०० |
| संघिय कोभिड कोषबाट | ०० | क्वारेन्टाइन निर्माणा तथा व्यवस्थापन | ०.०० |
| स्थानिय तहको आफ्नै वजेटवाट | ०० | आइशोलेसन केन्द्र निर्माण व्यवस्थापन | ०० |
| अन्य स्रोतवाट | २०,००,००० | जनशक्ती परिचालन | ०० |
| | | औषधी एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद | ०० |

| | | | |
|---|---|---|---|
| | | अन्य | ०० |
| | | बाँकी | १५०५००० |
| **जम्मा** | २५,००,००० | **जम्मा** | २५००००० |

| | | |
|---|---|---|
| २५. | **आन्तरिक आय** : गाउँपालिकाले संविधानको अधिनमा रहि आर्थिक ऐन र अनुमानित लक्ष्य एवं तोकिएको दरमा आन्तरिक आय व्यवस्था गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले यस आर्थिक वर्षमा कुल आन्तरिक आम्दानी रु ८ लाख ८७ हजार गरेकोमा राजस्व संकलनको लक्ष्य र प्राप्तिका साथै श्रोतगत विवरण माग गरिएकोमा लेखापरीक्षणमा पेश हुन सकेन । आन्तरिक आय व्यवस्थालाई प्रभावकारी बनाउनेतर्फ गाउँपालिका थप क्रियाशिल बन्नुपर्दछ । आन्तरिक आय सम्बन्धमा गाउँपालिकामा निम्नानुसारको अवस्था देखिएको छ ।<br>▪ फरक फरक व्यक्ति, कर्मचारी र वडा कार्यालयले नगदी रसिद काटे पश्चात फरक फरक समयमा दाखिला गर्ने गरेको छ ।<br>▪ कार्यालयमा आर्थिक वर्ष २०७६।७७ को व्यवसाय दर्ता र नविकरणको अद्यावधिक अभिलेख छैन ।<br>▪ गाउँपालिका भित्रका वित्तिय संस्था, होटल व्यवसाय र उद्योग लगायतको संख्या, अवस्था र दर्ता नविकरणको अद्यावधिक अवस्थाका आधारमा राजस्व संकलन हुन सकेको छैन ।<br>▪ बैक दाखिलाका आधारमा राजस्व आम्दानी बाध्ने गरेकोले श्रोतगत रुपमा राजस्वको तथ्यांक र अभिलेख तयार हुन सकेको छैन ।<br>▪ गाउँपालिकामा आय संकलनका लागि रसिद प्रयोग भएको देखिएतापनि र सम्पूर्ण आम्दानीको हिसाब लेखापरीक्षणमा पेश हुन सकेन ।<br>▪ गाउँपालिकाले बैक स्टेटमेन्ट र मौज्दातको आधारमा श्रेस्तामा मौज्दात बाँध्ने गरेको छ ।<br>▪ गाउँपालिकाले सिएमसीबाट आम्दानी जनाएको रु ३ लाखको श्रोत नखुलेको र उक्त आम्दानीको विवरण पेश हुन सकेको छैन । | |
| २५.१ | गाउँपालिकाको चालूतर्फको श्रेस्ता मौज्दातमा रु ७७३३४०३।९६ र मिति २०७७।४।१६ को प्रमाणीत बैक मौज्दात रु ७७८१३७१।४६ देखिएको छ । यसमध्ये सशर्त फिर्ता रु ५५८४७६१।३२ घटाउँदा रु ४७९६७।५० को बैकमा मौज्दात बढी देखिएको छ ।गाउँपालिकाले नियमित रुपमा बैक हिसाब मिलान बिबरण तयार गरी आर्थिक कारोबार अद्यावधिक गर्नुपर्ने देखिएको रु | ४७९६८ |
| २५.२ | गाउँपालिकाको पुँजीगततर्फको श्रेस्ता मौज्दातमा रु ६२२१२८९।०० र मिति २०७७।४।१६ को प्रमाणीत बैक मौज्दात रु ६२४७९३९।०० देखिएबाट रु २६६५०।०० मौज्दात फरक परेको छ । गाउँपालिकाले नियमित रुपमा बैक हिसाब मिलान बिबरण तयार गरी आर्थिक कारोबार अद्यावधिक गर्नुपर्ने देखिएको रु | २६६५० |
| २६. | **उपभोक्ता बिल भरपाई:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत कार्य गराउने विधि र प्रक्रियासहित अन्तिम भुक्तानीका लागि पेश गर्नुपर्ने कागजात सम्बन्धि व्यवस्था रहेका छन् । गाउँपालिकाले निर्माण कार्य सञ्चालनका लागि उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराएकोमा छड, सिमेन्ट, ग्याबियन जाली लगायतको मुल्य अभिवृद्धि कर बिल पेश गर्ने गरेको भएतापनि ढुँगा, गिट्टि, काठ, माटो र डोर हाजिरको आधारमा भुक्तानी गर्ने कारोबारको वास्तविक विल भरपाई पेश भएको छैन । यसबाट श्रेष्तासाथ संलग्न गरिएका कागजात वास्तविक र तथ्यमा आधारित रहेको यकिन हुने अवस्था छैन । सार्वजनिक निकायले प्रचलित ऐन कानून बमोजिमका कागजातहरु वस्तुपरक र तथ्यमा आधारित हुने प्रमाण कागजात लिने एवं सो को जाँचबुझ वा चेकजाँच पश्चात मात्र अन्तिम भुक्तानि दिने व्यवस्था गर्नुपर्दछ । | |
| २७. | **तातोपानी भिरको बाटो मर्मत** : ३-२०७६।६।२, गाउँपालिकाले तातोपानी बाटो मर्मतका लागि उपभोक्ता समितिसँग सम्झौता गरी रु १२६७२००।०० पेश्की दिएकोमा सो को फछ्यौंट सहित | २५२८४४ |

<table>
<tr><td></td><td>प्रथम रनिङ्ग बिल मूल्यांकन रु २५२८४३५।०० हुँदा उपभोक्ता समितिको तर्फबाट जनसहभागिताको अंश १० प्रतिशत रु २५२८४३।५० कट्टा नगरी सम्पूर्ण मूल्यांकन बापत रु २५२८४३५।०० भुक्तानी गरेको छ । यसबाट उपभोक्ता समितिलाई जनश्रमदान बापतको समेत रकम भुक्तानी भएको देखिएकोले सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नपर्ने रु</td><td></td></tr>
<tr><td>२८.</td><td>फर्निचर खरिद : ४९-२०७६।८।२२, गाउँपालिकाले फर्निचर खरिद तथा निर्माणका लागि रु ९९१८२१।०० भुक्तानी सहित निम्नानुसारका सामाग्री मूल्यांकन भएको देखिएकोमा उक्त सामाग्रीहरु जिन्सी दाखिलामा मुल्य नखुलेको, अमानतबाट कार्य गराएको, काठ खरिद भएको भरपाई र ज्यालादारीमा कार्य गराएको देखिएबाट सामाग्री खरिदको वास्तविकतामा आश्वस्त हुन नसकिएको रु
<table>
<tr><th>क्र सं</th><th>सामाग्री र विवरण</th><th>संख्या</th></tr>
<tr><td>१</td><td>सिंगल बेड</td><td>४०</td></tr>
<tr><td>२</td><td>डबल बेड</td><td>२</td></tr>
<tr><td>३</td><td>काठको टेबल</td><td>१६</td></tr>
<tr><td>४</td><td>काठको कुर्सी</td><td>२५</td></tr>
<tr><td>५</td><td>सोलार ब्याट्री टेबल</td><td>२</td></tr>
<tr><td>६</td><td>बेन्च</td><td>४</td></tr>
<tr><td>७</td><td>इन्भर्टर टेबल</td><td>१</td></tr>
<tr><td>८</td><td>किचन टेबल</td><td>१</td></tr>
</table></td><td>९९१८२१</td></tr>
<tr><td>२९.</td><td>क्याङ्ग भिरदेखी फू गेटसम्म ट्र्याक ओपन : ६९-२०७६।३।२५, गाउँपालिकाले क्याङ्ग भिरदेखी फू गेटसम्म ट्र्याक ओपन गर्नका लागि उपभोक्ता समितिसँग मिति २०७६।४।२२ मा रु ४७७७०३८९।७६ मा सम्झौता गरेकोमा रु ३७०२७८०।७२ भुक्तानी गरेको छ । उपभोक्ता समितिसँग सम्झौता गरेको योजना सम्झौता फारम अपूर्ण वा आंशिक रहेको, सम्बन्धित उपभोक्ता समितिको खातामा रकम जम्मा भएको प्रमाण पेश नभएको एवं उक्त कार्य ब्लाष्टिङ्ग गर्ने समावेश भएको जटिल प्राविधिक कार्य भएको देखिएको छ । यसप्रकार सार्वजनिक खरिद नियमावलीले तोकेको क्षेत्रभन्दा बाहिर गई जटिल प्राविधिक पक्ष समावेश हुने कार्य गरे गराएको अनियमित देखिएको रु<br>गाउँपालिकाले यस्तै प्रकारका अन्य कार्य समेत उपभोक्ता समितिबाट कार्य गराएका उदाहरण निम्नानुसार रहेका छन् :
<table>
<tr><th>क्र सं</th><th>कार्यको विवरण</th><th>लागत अनुमान</th></tr>
<tr><td>१</td><td>स्याउबारी भिर ट्र्याक ओपन</td><td>३७०००१।९३</td></tr>
<tr><td>२</td><td>पङ्ग्रेन भीरमा बिस्फोट</td><td>३७१०५९२।७७</td></tr>
<tr><td>३</td><td>मेता विद्युतिकरण</td><td>२०८६९२३।४५</td></tr>
</table></td><td>३७०२७८१</td></tr>
<tr><td>३०.</td><td>उपभोक्तामार्फत कर्मचारी भवन : ६९-२०७६।३।२५, सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायमार्फत कार्य गराउने कार्यविधि स्पष्ट गरिएको छ । गाउँपालिकाले कर्मचारी भवन फिनिसिङ्गका लागि उपभोक्ता समितिमार्फत कार्य गराउन लागत अनुमान रु १५९०५१३।२६ बमोजिम रु १४ लाख ४० हजार भुक्तानी दिएको छ । यस कार्यमा गाउँपालिकाले उपभोक्ता समितिको जनश्रमदान रु १५०५१३।२६ देखाएको छ । गाउँपालिकाले आफ्नै कर्मचारी भवन निर्माणका लागि उपभोक्ता समितिमार्फत कार्य गराएको सान्दर्भिक नदेखिएको रु</td><td>१४०००००</td></tr>
<tr><td>३१.</td><td>सूचना प्रविधि सामाग्री : सार्वजनिक निकायले स्थानीय आवश्यकता र औचित्यका आधारमा मितव्ययी तवरले कार्यालय सञ्चालन गर्नुपर्दछ । गाउँपालिकाले तपसिलको विवरण सामाग्री खरिद गरी भुक्तानी गरेको देखिएकोमा निम्नानुसारको अवस्था देखिएको छ ।
<table>
<tr><th>भौ न र</th><th>आपुर्तक</th><th>रकम</th><th>सान्दर्भिक विवरण</th></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td>
<table>
<tr><th>मिति</th><th></th><th></th><th></th></tr>
<tr><td>२०—६।७</td><td>एम एम ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१५२५५०।००</td><td>डेक्सटप कम्यूटर १ सेट खरिद भएको देखिएकोमा स्पेसिफिकेसन नखुलेको</td></tr>
<tr><td>२६—७।६</td><td>कस्मिक कम्प्यूटिङ्ग सलुसन्स</td><td>१२४६००।००</td><td>Dell Inspirin 3580 i7 Laptop with Bag उल्लेख भएको ।</td></tr>
<tr><td>५५—१२।१३</td><td>आई एस स्टोर्स प्रा ली</td><td>१५८०००।००</td><td>गाउँपालिका उपाध्यक्षलाई सोधभर्ना भुक्तानी</td></tr>
<tr><td>५६—१२।१३</td><td>लजिक्स डिजिटल सिस्टम प्राली</td><td>९३९९०।००</td><td>विविध सामाग्री</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५२९१४०।००</td><td></td></tr>
</table>
उपरोक्त बमोजिम कार्यालयमा सूचना प्रविधिसँग सम्बन्धित समेत कार्यालयमा डिजिटल क्यामरा १ लगायत ल्यापटप २२ थान रहेको उल्लेख भएकोमा जिन्सी खातामा १८ मध्ये १० थान अभिलेख भएको देखिएको सम्बन्धमा स्पषट गरी पेश गर्नुपर्ने, मोबाईल सेट ४ थान मध्ये १ हस्तान्तण भएको देखाएकोमा कसलाई कुन प्रयोजनका लागि खरिद र हस्तान्तरण भएको हो सो को कानूनी आधार पेश गर्नुपर्ने र कार्यालयमा डेक्सटप कप्युटरको संख्या समेत यकिन हुने अवस्था नरहेकोले जिन्सी अद्यावधिक गर्नुपर्ने देखिएको छ ।गाउँपालिकामा उपरोक्त बमोजिमका सामाग्री कसको प्रयोगमा रहेका छन् र कुन अवस्थामा छन् स्पष्ट खुल्ने गरी अभिलेख रहेको छैन । साथै, एम एम ट्रेडर्स एण्ड सप्लायर्सबाट खरिद गरेको कम्प्यूटर कार्यालयमा प्राप्त भएको नदिखएकोले स्पेसीफिकेसन बमोजिम कार्यालयमा प्राप्त भएको प्रमाण पेश गर्नुपर्ने रु
</td>
<td>१५२५५०</td>
</tr>
<tr>
<td>३२.</td>
<td>फरक मूल्यांकन : २०३-२०७६।८।१८, गाउँपालिकाले महेन्द्रपुल देखि तल्लो च्यापसम्म बाटो निर्माणका लागि उपभोक्ता समितिसँग रु २१२२००९।९२ मा सम्झौता गरेकोमा कार्यालयबाट रु १९ लाख २० हजार भुक्तानी गरेको छ । उपभोक्ता समितिले लमजुङ्गबाट रु १३०२००।१२ बराबरका २x१ x१ को २१ थान र ३x१ x१ को १४ थान ग्यावियन जाली खरिद भएको देखिएकोमा मूल्यांकनमा रु १४०६३३।०५ बराबरको २x१ x१ को १५ थान र ३x१ x१ को १० थान समावेश भएको छ । साथै, लागत अनुमानको समयमा म्यानुअल दर प्रयोग गरिएकोमा मूल्यांकन गर्दा मेसिन जाली दर प्रयोग गरिएको छ ।प्रयोग नभएका २x१ x१ को ६ थान र ३x१ x१ को ४ थान जालीको विद्यमान अवस्था तथा म्यानुल दरभन्दा फरक गरी मेशिन मेड जाली प्रयोग गर्नुपर्नाको प्राविधिक पुष्ट्याई सहित पेश गर्नुपर्ने देखिएको छ । अत यस योजनाको सञ्चालन, खरिद बिल र मूल्यांकनको यथार्थता सम्बन्धमा आश्वस्त हुन नसकिएको रु</td>
<td>१४०६३३</td>
</tr>
<tr>
<td>३३.</td>
<td>दुलु खोला तटबन्ध : ६१-२०७७।३।२४, गाउँपालिकाले दुलु खोला तटबन्ध निर्माणाका लागि रु ३८४०००।०० भुक्तानी दिंदा लमजुङ्गबाट रु ६५९९९।९१ को २० थान जाली खरिद भएकोमा म्यानुअल दरबाट लागत अनुमान भएको तथा मेशिन खरिद दर ढुवानी समेत रु ६४१०।१५ प्रतिपिस हुन आउनेमा मूल्यांकन रु ९०६१।७६ को दरले भएबाट रु ५३०३२।२० को उपभोक्ता समितिको जनश्रमदान १० प्रतिशत कट्टा गरी हुन आउने रकम रु ४७७२८।९८ उपभोक्ता समितिबाट असुल गर्नुपर्ने देखिएको रु</td>
<td>४७७२९</td>
</tr>
<tr>
<td>३४.</td>
<td>स्याउबारी भिर ट्र्याक ओपन : ४५-२०७६।८।१९, गाउँपालिकाले स्याउँबारी भिर ट्र्याक ओपन कार्यका लागि उपभोक्ता समितिसँग रु ३७००००१।९३ मा सम्झौता गरी रु २२१७७५२।०० भुक्तानी गर्दा जनश्रमदानको अंश १० प्रतिशत कट्टा नगरी सम्पूर्ण रकम भुक्तानी गरेकोले बढी</td>
<td>२२१७७५</td>
</tr>
</table>

<table>
<tr><td></td><td>भुक्तानी भएको रकम रु २२१७७५।२० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>३५.</td><td>अध्ययन प्रतिवेदन अभिलेख : सार्वजनिक निकायले खर्च गर्दा खर्चको औचित्य पुष्टि हुने गरी मितव्ययी र दोहोरो नपर्ने व्यवस्था सहित अभिलेख व्यवस्थित तवरले राख्नुपर्दछ । गाउँपालिकाले यस आर्थिक वर्षको अन्त्यमा निम्नानुसार अध्ययन कार्य गराएको तथा गत विगतमा समेत विभिन्न अध्ययन गर्ने गराएको भएतापनि आफ्नो कार्यक्षेत्रमा के कति संख्यामा अध्ययन कार्य गराएको हो सो को अभिलेख व्यवस्थित गरेको छैन । गाउँपालिकामा गत विगतमा समेत यस प्रकारका अध्ययन कार्य गर्ने गरिएको अवस्थामा एकै किसिमका अध्ययन दोहोरिन सक्ने, विगतमा अन्य निकायमा भए गरेका अध्ययन कार्यको जिम्मेवारी नसर्दा विगतको लगानी खेर जानेहुँदा यसप्रकारका खर्चबाट नतिजा प्राप्त गर्ने गरी अभिलेख र कार्यान्वयन गर्ने व्यवस्था गर्नुपर्दछ ।
<table>
<tr><th>क्स</th><th>शिर्षक</th><th>व्यवसायी वा फर्म</th><th>भुक्तानी</th></tr>
<tr><td>१</td><td>नार आधारभुत स्कुल भवन डिपिआर</td><td>एस एण्ड एस आर्किटेक्चरल एण्ड इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्राली</td><td>८१९०००।००</td></tr>
<tr><td>२</td><td>फु हेल्थ पोष्ट, प्राईमरी स्कुल र मेता स्कुल डिपिआर</td><td>इगल्स सलुसन्स प्राली</td><td>१६९५००।००</td></tr>
<tr><td>३</td><td>क्याङ्ग खानेपानी योजना सर्भे</td><td>बारबरा इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्राली</td><td>५६५००।००</td></tr>
<tr><td>४</td><td>कोटो च्याँखु हुलाकी ओडारबाटो विकास योजना</td><td>वाईड रेन्ज इन्जिनियरिङ्ग सलुसन्स प्राली</td><td>९९५०७।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>११४४५०७।००</td></tr>
</table>
साथै, गाउँपालिकाले उपरोक्तबमोजिमका अध्ययन प्रतिवेदन कुन मितिमा कहिले प्राप्त गरेको हो सो नखुलाएको र तोकिए बमोजिम अन्तिम प्रतिवेदन एवं जिन्सी दाखिला लेखापरीक्षणमा पेश गर्न नसकेको रु</td><td>११४४५०७</td></tr>
<tr><td>३६.</td><td>धुरजुङ्ग तटबन्ध : ६४-२०७७।३।२५, गाउँपालिकाले धुरजुङ्ग खोला काठेपुल र तटबन्ध निर्माणका लागि रु ६६९७९९।७६ लागत अनुमानको कार्यका लागि रु ५६११६४।०० भुक्तानी गर्दा मेसिन मेड ग्याविन जाली २x१ x१ को २५ थानको रु २६५१।६१ को दरले म्यानुल दरभन्दा बढी भुक्तानी भएको रकम रु ६६२९०।२५ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु</td><td>६६२९०</td></tr>
<tr><td>३७.</td><td>पेश्की फिर्ता : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(५) बमोजिम उपभोक्ता समितिलाई सम्झौता रकमको बढी एक तिहाई पेश्की दिन सक्ने र अन्तिम भुक्तानी पूर्व फछ्र्यौट गरिसक्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले च्याँखुमा पाहुन घर निर्माणका लागि उपभोक्ता समितिलाई २०७६।६।५ मा रु २२१७६००।०० पेश्की उपलब्ध गराएकोमा मिति २०७७।३।३१ मा कार्य सम्पन्न हुन नसकेको व्यहोरा सहित पेश्की फिर्ता गरेको छ ।सम्झौता गर्ने तर कार्य नगर्ने उपभोक्ता समितिलाई सम्झौताको शर्त नं ४ बमोजिम नियमानुसार कारवाही गरी नियमावलीको नियम ११३(६) बमोजिम ६ महिनाको १० प्रतिशतले हुन आउने रकम रु ११०८८०।०० सम्बन्धितबाट असुल गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>३८.</td><td>असम्बन्धित अनुगमन : गण्डकी प्रदेश, गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को दफा ९ बमोजिम स्थानी तहका पदाधिकारीले आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएको अवस्थामा मात्र दैनिक भ्रमण भत्ता प्राप्त गर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न विवरण बमोजिम स्थानीय जनप्रतिनिधिले अनुगमन गरेको उल्लेख गरी दैनिक भ्रमण भत्ता भुक्तानी</td><td>३७३५०</td></tr>
</table>

भएको देखिएकोले गाउँपालिकाको कार्यक्षेत्रमा भएको अनुगमनको भुक्तानी सम्बन्धितबाट असुल गर्नुपर्ने रु

| भौ न र मिति | कार्य | नाम थर | रकम |
|---|---|---|---|
| ८९-३।३० | अनुगमन | फून्जो ढिलेक लामा | ६२५०।०० |
| ८९-३।३० | अनुगमन | पेम्बा फुन्जो लामा | ६२५०।०० |
| ८८-३।२८ | अनुगमन | कर्ण छ्योटे लामा | ६२५०।०० |
| ८७-३।२८ | अनुगमन | रितार द्विपेल लामा | ९३००।०० |
| ८३-३।२८ | अनुगमन | सङ्गगी धामा लामा | ९३००।०० |
| | | **जम्मा** | **३७३५०।००** |

३९. **बिजक बेगर भुक्तानीः** सार्वजनिक निकायले अन्तिम भुक्तानी दिनुपर्व रितपूर्वकको बिल बिजक र सक्कल कागजात संलग्न भए नभएको यकिन गरेर मात्र अन्तिम भुक्तानी दनुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारका योजना र कार्यको भुक्तानी गर्दा सक्कल बिल बिजक संलग्न नगरी भुक्तानी दिएको देखिएकोले सक्कल बिल बिजक पेश गर्नुपर्ने रु

| भौ नं र मिति | योजना | व्यवसायी वा फर्म | |
|---|---|---|---|
| ८४-२०७७।३।२८ | मेता विद्युतिकरण | प्रभु एस सप्लायर्स | अन्ति |
| २७०-२०७७।३।३१ | योजना सम्भाव्यता र सूचना प्रकाशन | विश्राम परियार | सोधभ |

५६८३७

४०. **पुस्तक सामाग्री** : सार्वजनिक निकायले अन्तिम भुक्तानी दिँदा खर्चसँग सम्बन्धित सप्लायर्सका नाउमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले पुस्तक तथा सामाग्री खरिद बापत अधिकृत छैठौ महेश पाखीनलाई रु ९८५००।०० भुक्तानी गरेकोमा खरिद गरिएका सामाग्री कहाँ कुन प्रयोजनमा प्रयोग भएको हो खुल्न नसकेको तथा नवदुर्गा पुस्तक पसल बेशीसहरबाट खरिद भएको देखिएकोमा कर्मचारीलाई भुक्तानी दिएको देखिएकोले खर्चको आधिकारिकता पुष्टि हुन सकेको छैन ।कर्मचारी पेश्कीमार्फत कार्य पनि नभएको र खरिद भएको पार्टीलाई भुक्तानी समेत भएको नदेखिएकोले उक्त भुक्तानी अनियमित देखिएको रु

९८५००

४१. **खर्चको आधिकारिकता :** सार्वजनिक निकायले अन्तिम भुक्तानी दिनुपर्व रितपूर्वकको बिल बिजक र सक्कल कागजात संलग्न भए नभएको यकिन गरेर मात्र अन्तिम भुक्तानी दनुपर्ने व्यवस्था छ । खर्चसँग सम्बन्धित आधार प्रमाण र पुष्ट्याई संलग्न नगरी भुक्तानी दिँदा खर्चको आधिकारिकता र विश्वसनियतामा सन्देह रहन्छ । गाउँपालिकाले निम्नानुसारको विवरण बमोजिम भुक्तानी दिँदा खर्चसँग सम्बन्धित पुस्ट्याई, सामाग्रीको मौज्दात र खरिद गर्दाको अनुमानित खर्च एवं प्रस्ताव बेगर भुक्तानी भएको देखिएको अनियमित रु

| भौ न र मिति | कार्य | रकम |
|---|---|---|
| २७१-३।३१ | HIV Kit Set 500 | ९५६००।०० |
| २५१-३।२९ | घोडा दाना १९६५५ के जी | ४८९१५०।०० |
| २८४-३।३१ | विभिन्न ९ फर्मबाट खरिद सामाग्री | २७८६३३।०० |
| | **जम्मा** | **८६३३८३।००** |

८६३३८३

४२. **जिन्सी दाखिला नभएको** : सार्वजनिक निकायले खरिद गरिएका सामाग्री नियमानुसार जिन्सी दाखिला गरी जिन्सी अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले महेश पाखीनको पेश्की रु २ लाख फछ्र्यौट सहित रु २६६१३०।०० भुक्तानी गर्दा भाटभटेनी सुपरमार्केट कलंकीबाट खरिद गरिएका CG Multimedia Sound System लगायतका सामाग्री जिन्सी दाखिला भएको नदेखिएकोले दाखिला प्रमाण पेश गर्नुपर्ने रु

१३४९०

४३. **पोशाक भत्ताः** सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।०१।२५ को जानकारी

सम्बन्धी पत्रमा उल्लेख भएको सुविधामा कम्तीमा छ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र सम्झौतामा उल्लेख गरी करारका कर्मचारीहरुको सेवा सुविधा तोक्न मिल्ने हुँदा सोही अनुसार गर्नु गराउनु भनि पत्राचार भएकोमा कार्यालयका निम्न करारका कर्मचारीहरु मिति २०७६।८।३ मा नियुक्ति भएकोमा ६ महिना पुरा नहुदै पोशाक भत्ता भूक्तानी गरेकोले असुल गर्नुपर्ने रु.....

| कर्मचारीको नाम | पद | रकम |
|---|---|---|
| विरेन्द्र सिंह बोहरा | एम आई एस अपरेटर | १७५०० |
| सोमराज गुरुङ | फिल्ड सहायक | १७५०० |
| राजु गुरुङ | फिल्ड सहायक | १७५०० |
| | **जम्मा** | **५२५००** |

५२५००

४४. **मूल्य अभिबृद्धि कर**: १।०७७।३।२६, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (ग) मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का ठेकेदार वा सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वापतको रकम सम्बन्धित आपूर्तिकर्तालाई भूक्तानी गर्दा निजलाई भूक्तानी गर्ने कर रकमको पचाश प्रतिशत हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भूक्तानी गर्नुपर्ने, यसरी राजश्व जम्मा गरिदिएको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनुपर्ने र जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई बुझाउनु पर्ने करमा मिलान गर्न पाउने व्यवस्था छ। कार्यालयले ग्लोबल लिंक टेक्नोलोजी प्रा.लि. लाई रु १०४६३८ भूक्तानी गर्दा मू. अ. कर वापतको शत प्रतिशत रकम रु १२०३८ सम्बन्धित आपूर्तिकर्तालाई भूक्तानी गरेको पाइएकोले उक्त मू.अ.कर भूक्तानीको पचास प्रतिशत रकम रु ६०१९ सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाएको प्रमाण पेश हुनुपर्ने रु........

६०१९

४५. **करारका कर्मचारीलाई स्थानीय भत्ता** : सामान्य प्रशासन मन्त्रालयको च.नं. २१७ मिति २०७४।०१।२५ को जानकारी सम्बन्धी पत्रमा उल्लेख भएको सुविधामा कम्तीमा छ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभूत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र सम्झौतामा उल्लेख गरी करारका कर्मचारीहरुको सेवा सुविधा तोक्न मिल्ने हुँदा सोही अनुसार गर्नु गराउनु भनि पत्राचार भएकोमा कार्यालयका करारका कर्मचारी सव ईन्जिनियर श्री अमन दरैलाई रु ११५८०० स्थानीय भत्ता भूक्तानी गरेको छ । यस सम्बन्धमा कार्यालयले गाउँपालिकामा योजना सञ्चालन र व्यवस्थापनका लागि प्राविधिक कर्मचारी अभाव भएको कारण अतिरिक्त कार्य गराउनु परेको जनाएको छ ।करारको कर्मचारीलाई स्थानीय भत्ता उपलब्ध गराउने कार्य अनियमित देखिएको रु

११५८००

४६. **खर्चको विवरण पेश गर्नुपर्ने**: कार्यालयले विभिन्न समयमा खाद्यन्न लगायतका सामाग्रीहरु खरिद गरेकोमा उक्त सामानहरु कहाँ कुन प्रयोजनमा खर्च भयो सो को कुनै प्रमाण नभएकोले एकिन हुन नसकेको रु...

| भौ न र मिति | आपूर्तिकर्ताको नाम | रकम |
|---|---|---|
| २।०७७।३।१४ | सार्थक सप्लायर्स, चामे | ३२९१२५ |
| १६७।०७७।१।५ | नेपाल खाद्य संस्थान | ८१२१६ |
| २१७।०७७।३।१४ | सार्थक सप्लायर्स, चामे | ५७४१७।६० |
| | **जम्मा** | **४६७७५८।६०** |

४६७७५९

४७. **स्थायी लेखा नम्बर**: आयकर ऐन, २०५८ को दफा २१ को उपदफा १ (२घ)मा स्थायी लेखा नम्बर नभएको २ हजार भन्दा बढी वीजकको खर्च लेख्न नपाउने व्यवस्था छ। कार्यालयले बीलबाट

खर्च लेखेकोमा स्थायी लेखा नम्बर नभएको बीललाई आधार मानि भूक्तानी गरेकोले अनियमित देखिएको रु...... २८२२९५

| भौ. नं र मिति | फर्मको नाम | रकम |
|---|---|---|
| ३१।०७६।६।१० | फु भिलेज कर्साङ्ग गेष्ट हाउस | १५३६०० |
| | कर्मा होटल फु | ६६८०० |
| | श्री रस्ना स्टोर एण्ड सप्लायर्स, कोतो | २८३५५ |
| ७८।०७६।७।२९ | फु भिलेज कर्साङ्ग गेष्ट हाउस | ३३५४० |
| | **जम्मा** | **२८२२९५** |

४८. **सोझै खरिदः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८६ मा सार्वजनिक निकायले सोझै खरिद गर्दा प्रस्तावित निर्माण व्यवसायी, आपूर्तिकर्ता, परामर्शदाता वा सेवा प्रदायकसँग आवश्यक कागजात, फर्म दर्ता, कर चुक्ता प्रमाणपत्र लगायतका प्रमाण संलग्न गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न आपूर्तिकर्ताबाट सामान गरिद गर्दा आवश्यक कागजात संलग्न नगरी बिलको आधारमा भूक्तानी गरेकोले अनियमित देखिएको रु.......

| र मिति | आपूर्तिकर्ताको नाम | खरिद मिति | रकम |
|---|---|---|---|
| ७६।७।६ | एम एस प्रिन्टिङ्ग सोलुशन, कोटेश्वर | २०७६।६।२६ | ४८४०३ |
| ७६।७।६ | फाइन मिडिया प्रा लि नयाँ बानेश्वर | २०७६।६।२७ | ४००६३ |
| ७६।७।६ | वर्ल्ड वाइड अफसेट प्रेस एण्ड सप्लायर्स, काठमाडौं | २०७६।६।३० | ४८९८३ |
| ७६।७।६ | एस बि प्रिन्टर्स पब्लिकेशन बानेश्वर | २०७६।६।९ | ३७०३५ |
| | | **जम्मा** | **१७४४८५** |

१७४४८५६

४९. **ढुवानी करः** आयकर ऐन, २०५८ को दफा ८८ मा सार्वजनिक निकायले सवारी भाडामा लिए वापतको भूक्तानी गर्दा सम्झौता बमोजिमको भूक्तानी रकममा दश प्रतिशत ढुवानी कर कट्टा गरी भूक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले निम्न भौचरबाट सवारी भाडा भूक्तानी गरेकोमा ऐन बमोजिम ढुवानी कर कट्टी नगरेकोले असुल गर्नुपर्ने रु.....

| नं र मिति | भूक्तानी लिनेको नाम | सवारी नम्बर | भूक्तानी रकम | ढुवा |
|---|---|---|---|---|
| ७६।७।३ | पदम बहादुर साम्बा | उल्लेख नभएको | ३०००० | |
| ७६।७।७ | अमृत ढुंगाना | उल्लेख नभएको | २५००० | |
| ७६।७।२९ | गणेश टिटुङ | ग १ ज ६४९८ | ३०००० | |
| ७६।७।२९ | कस्या प्रसाद सुनार | ना ३ च १०७० | ६०००० | |
| ७६।७।२९ | कस्या प्रसाद सुनार | ना ३ च १०७० | २०००० | |
| ०७६।८।२५ | प्रकाश बि. क. | ग १ ज ६४९८ | २६००० | |
| | | | **जम्मा** | **१** |

१९१००

५०. **कार्यक्रम वापतको भत्ताः** ५७।०७६।७।८, अहेव श्री विषराम परियारले मिति २०७६।६।८ देखि १२ सम्म संचालन गरेको ५ दिने प्राथमिक उपचार र First Aid Kit वितरण सम्बन्धी तालिममा उपस्थित नभएका व्यक्तिहरुलाई भत्ता भूक्तानी गरेकोले असुल गर्नुपर्ने रु.....

| सि.नं. | भत्ता लिनेको नाम | रकम |
|---|---|---|
| १ | श्री मिङमा छिरिङ लामा | ५९५० |
| २ | श्री कुन्जो तेन्जिङ लामा | २९७५ |
| ३ | श्री नेत्रमणी न्यौपाने | २९७५ |
| | **जम्मा** | **११९००** |

११९००

५०.१ साथै उक्त कार्यक्रमको विल भरपाईको रकम रु ४२३३३२ भएकोमा खर्च लेख्दा रु ४२६२६९ २९३७

| | | |
|---|---|---|
| | लेखेकोले खर्च भएको भन्दा बढी रकम असुल हुनुपर्ने रु | |
| ५१. | **पर्यटन प्रवर्द्धनः** कार्यालयले नारफु पर्यटन प्रवर्द्धन शीर्षक मार्फत म्याट्रिक्स सफ्टेक प्रा.लि. काठमाडौंलाई वेभसाइट डिजाइन वापत रु २००००० भूक्तानी गरेकोमा सो को लागत अनुमान नै तयार नगरी भूक्तानी गरेको तथा उक्त वेभसाइटबाट पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने आधारमा एकिन हुन नसकेको रु...... | २००००० |
| ५२. | **दोहोरो भ्रमण भत्ताः** भ्रमण खर्च नियमावली, २०६४ को नियम २३ मा दोहोरो भ्रमण भत्ता लिएको अवस्थामा पेश भएको भ्रमण भत्ता वापतको रकमको दोब्बर रकम निज सरकारी सेवामा रहेको भए निजले पाउने तलबबाट कट्टा गरी लिइने व्यवस्था छ। कार्यालयका निम्न कर्मचारीले निम्न भौ.नं. बाट दोहोरो भ्रमण खर्च लिएकोले नियमावली बमोजिम असुल गर्नुपर्ने रु...... | २२६०४ |

| कर्मचारीको नाम | पद | भौ.नं | भ्रमण आदेश नं | प्रति भ्रमण खर्च |
|---|---|---|---|---|
| विषराम परियार | अ हे व | ८४ र १४८ | १ र २८ | ६३६५ |
| विषराम परियार | अ हे व | ८४ र १४८ | १२ र १४ | ४२६४ |
| अमित सापकोटा | अ हे व | ८४ र १४९ | १ र २१ | ६३६५ |
| अमित सापकोटा | अ हे व | ८४ र १४९ | ११ र १६ | ५६१० |
| | | | जम्मा | २२६०४ |

| | | |
|---|---|---|
| ५३. | **असान्दर्भिक भ्रमण भत्ताः** गण्डकी प्रदेश खर्च सम्बन्धी मापदण्ड, २०७५ अनुसार आफ्नो कार्यक्षेत्र भित्रको अनुगमन गर्दा अनुगमन भत्ता पाउने व्यवस्था नभएकोमा पालिकाका निम्न पदाधिकारी तथा कर्मचारीहरु आफ्नो कार्यक्षेत्र भन्दा बाहिर तथा असान्दर्भिक भ्रमण उद्देश्य राखि भ्रमण गरी भत्ता बुझेकोले असुल गर्नुपर्ने रु....... | ७२०५० |

| भौ.नं. र मिति | पदाधिकारी कर्मचारीको नाम/ | पद | भ्रमण मिति | भ्रमण स्थान | रकम |
|---|---|---|---|---|---|
| ७३।०७६।७।२८ | श्री रितार छिपेल लामा | वडाध्यक्ष १ | ०७६।६।१२ देखि १८ सम्म | योजना माग सम्बन्धमा चामे | ७५०० |
| ७४।०७६।७।२८ | श्री मिङमर फुन्चो लामा | वडाध्यक्ष २ | ०७६।६।१२ देखि १८ सम्म | योजना माग सम्बन्धमा चामे | ७५०० |
| ७४।०७६।७।२८ | श्री सागी धावा लामा | वडाध्यक्ष ३ | ०७६।६।१२ देखि १८ सम्म | योजना माग सम्बन्धमा चामे | ७५०० |
| ९७।०७६।८।११ | श्री सोनाम तेजे लामा | वडाध्यक्ष ५ | ०७६।७।३ देखि ९ सम्म | पाङ्ग्रे खर्क अनुगमन | ७५०० |
| ९७।०७६।८।११ | श्री सोनाम तेजे लामा | वडाध्यक्ष ५ | ०७६।६।८ देखि १४ सम्म | हिमलुङ बेसक्याम्प अनुगमन | ७५०० |
| ९७।०७६।८।११ | श्री सोनाम तेजे लामा | वडाध्यक्ष ५ | ०७६।७।२६ देखि ८।२ सम्म | क्याङ छिमि नाका अनुगमन | ७५०० |
| ९७।०७६।८।१ | श्री छिरिङ डेण्डु | वडाध्यय | ०७६।७। | क्याङ | ७५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | घले | क्ष ४ | २६ देखि ८।२ सम्म | छिमि नाका अनुगमन | |
| ९७।०७६।८।११ | श्री छिरिङ डेण्डु घले | वडाध्यक्ष ४ | ०७६।६।८ देखि १४ सम्म | हिमलुङ बेसक्याम्प अनुगमन | ७५०० |
| ९७।०७६।८।११ | श्री छिरिङ डेण्डु घले | वडाध्यक्ष ४ | ०७६।७।३ देखि ९ सम्म | पाङ्ग्रे खर्क अनुगमन | ७५०० |
| १०५।०७६।८।२० | श्री मिङमर फुन्चो लामा | वडाध्यक्ष २ | ०७६।८।१६ देखि २० सम्म | तातोपानी भिर अनुगमन | ४५५० |
| | | | | **जम्मा** | **७२०५०** |

| | | |
|---|---|---|
| ५४. | **करारको कर्मचारीलाई सुत्केरी भत्ताः** नेपाल सरकारले ६ महिना अवधि पुरा गरेका करारका कर्मचारीलाई सुत्केरी बिदा वापत ६० दिन विदा दिन सक्ने व्यवस्था भएको र अन्य कुनै आर्थिक सुविधा नभएकोमा कार्यालयले ना.प.से.प्र. श्री सुनिता विश्वकर्मालाई सुत्केरी भत्ता वापत रु ५००० भूक्तानी गरेकोले नियम विपरितको सुत्केरी भत्ता असुल हुनुपर्ने रु..... | ५००० |
| ५५. | **भ्रमण स्वीकृत वेगर भ्रमण खर्चः** १३५।०७६।९।८, भ्रमण खर्च नियमावली, २०६४ को नियम १ को उपनियम १ मा भ्रमण आदेश वा निर्णय बिना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जान नमिल्ने उल्लेख छ। अधिकृत छैठौं श्री महेश पाखिनले मिति २०७६।६।६ देखि ९ सम्म नार देखि मेता गएको भनी भ्रमण बिल पेश गरी रु ५७२० भूक्तानी लिएकोमा सो भ्रमणमा कार्यालय प्रमुखको स्वीकृत बिना भ्रमण गरेको देखिएकोले नियम विपरितको भ्रमण भत्ता असुल हुनुपर्ने रु.... | ५७२० |
| ५६. | **भ्रमण अवधिको स्थानीय भत्ताः** भ्रमण खर्च नियमावली, २०६४ को नियम १० को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने उल्लेख भएकोमा कार्यालयका निम्न कर्मचारीहरु भ्रमणमा रहेको समयमा पनि स्थानीय भत्ता बुझेकोले असुल गर्नुपर्ने रु. | ९५८० |

| भौ नं र मिति | कर्मचारीको नाम | पद | भ्रमण स्थान | भ्रमण दिन | रकम |
|---|---|---|---|---|---|
| ८४।०७६।७।२९ | श्री अमित सापकोटा | अ हे व | चामे | ५ | १३४६ |
| | श्री विषराम परियार | अ हे व | चामे | ५ | १३४६ |
| ८५।०७६।८।२ | श्री उज्वल बास्तोला | सुचना प्रविधि अधिकृत | पोखरा | ७ | ३४४४ |
| | श्री उज्वल बास्तोला | सुचना प्रविधि अधिकृत | लमजुङ | ७ | ३४४४ |
| | | | | **जम्मा** | **९५८०** |

| | | |
|---|---|---|
| ५७. | **लागत अनुमानः** ८१।०७६।७।२९, अर्थमन्त्रालय कार्यसञ्चालन निर्देशिका, २०७५ मा कुनै पनि तालिम संचालन गर्नुपुर्व लागत अनुमान तयार गरी संचालन गर्नुपर्ने व्यवस्था छ। कार्यालयका वडा | |

<table>
<tr><td></td><td>सचिव अ हे ब श्री विषराम परियारले सिलाई कटाइ तालिम संचालन बापत रु ४००००० खर्च भुक्तानी गरेकोमा सो को लागत अनुमान पूर्व स्वीकृत भएको छैन । कार्यक्रम संचालनका लागि लागत अनुमान तयार गर्ने र स्वीकृत भएपश्चात मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५८.</td><td>ननफाइलरः ९८।०७६।८।१८, कार्यालयले वृहस्पति भेट फर्मा भरतपुर, चितवनबाट रु १८३९८८ को भेटेनरी सामान खरिद गरेकोमा उक्त फर्म आ व २०७५।७६ देखि ननफाइलर भएको देखिएकोले अनियमित भएको रु....</td><td>१८३९८८</td></tr>
<tr><td>५९.</td><td>दुर्गम क्षेत्र भन्दा बाहिर भ्रमणको थप १० प्रतिशत भत्ताः भ्रमण खर्च नियमावली, २०६४ बमोजिम सरकारले तोकेको जिल्लामा भ्रमण गर्दा दैनिक भ्रमण खर्चको थप १० प्रतिशत भत्ता पाउने व्यवस्था रहेकोमा कार्यालयका निम्न कर्मचारीहरुले तोकेको जिल्लाभन्दा बाहिर जाँदा पनि थप १० प्रतिशतका दरले दैनिक भ्रमण भत्ता बुझेकोले असुल गर्नुपर्ने रु.....
<table>
<tr><th>भौ.नं. र मिति</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>भ्रमण स्थान</th><th>दिन</th><th>रकम</th></tr>
<tr><td rowspan="2">१०८।०७६।८।२०</td><td rowspan="2">श्री विकास बाबु बराम</td><td rowspan="2">ना प्र स्वा</td><td>चितवन</td><td>५.२५</td><td>६३०</td></tr>
<tr><td>लमजुङ</td><td>५.२५</td><td>६३०</td></tr>
<tr><td>१०९।०७६।८।२०</td><td>श्री सुनिता वि क</td><td>ना प्र स्वा प्रा</td><td>लमजुङ</td><td>५.२५</td><td>६३०</td></tr>
<tr><td>१३५।०७६।९।८</td><td>श्री महेश पण्डित</td><td>अधिकृत छैठौं</td><td>लमजुङ, बारा</td><td>६.२५</td><td>१०००</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>२८९०</td></tr>
</table></td><td>२८९०</td></tr>
<tr><td>६०.</td><td>तालिम संचालनः कार्यालय र ग्रामिण विकास तथा अनुसन्धान केन्द्र, मनमैजुबीच मिति २०७६।५।१८ मा निम्न तालिम सम्पन्न गर्ने सम्झौता भएकोमा सम्झौता बमोजिम सहभागी हाजिरी, प्रशिक्षक हाजिरी, फोटो लगायत विभिन्न परीक्षणका रिपोर्टहरु अनिवार्य पेश गर्नुपर्ने उल्लेख भएकोमा सो अनुरुप कागजात पेश नभएको तथा उक्त तालिममा सहभागी छनौटको आधार, कार्यक्रम संचालनको अवधि, कार्यक्रममा प्रशिक्षण गरिने विषयवस्तु र प्रशिक्षक, तालिम संचालन गर्ने संस्था उक्त तालिम प्रयोजनका लागि दर्ता भए नभएको तथा तालिम सम्पन्न पश्चात प्रतिवेदन तथा सहभागिलाई प्रमाणपत्र वितरण भए नभएको यकिन हुने अवस्था रहेन ।
<table>
<tr><th>भौ.नं. र मिति</th><th>तालिमको नाम</th><th>रकम</th></tr>
<tr><td>१२५।०७६।९।२</td><td>एक हप्ते कानूनी साक्षरता सम्बन्धी तालिम</td><td>४९८०००</td></tr>
<tr><td>१२८।०७६।९।३</td><td>दुई हप्ते स्थानीय स्तरमा उपलब्ध आलु, करु, फाफर खाद्यान्नबाट बन्ने कुकिङ तालिम</td><td>५०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९९८०००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६१.</td><td>मुअकर कट्टी नगरेको : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६मा सरकारी निकाय (ग) वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भूक्तानी गर्दा निजलाई भूक्तानी गर्ने कर रकमको५० प्रतिशत हुन आउने रकम निजको नामबाट सम्बन्धित राजश्व शिर्षकमा जम्मा गरी बाँकी रकम मात्र भूक्तानी गर्नुपर्ने, यसरी राजश्व जम्मा गरिदिएको जानकारी सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई दिनुपर्ने र जम्मा भएको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई बुझाउनु पर्ने करमा मिलान गर्न पाउने व्यवस्था छ। कार्यालयले निम्नानुसारका भुक्तानीमा नियमानुसार मुल्य अभिवृद्धि करको ५० प्रतिशत कट्टा नगरी पुरै भुक्तानी दिएको देखिएकोले भुक्तानी दिएका व्यवसायी वा फर्मबाट भुक्तानी भएका कारोबार कर विवरणमा समावेश भएको प्रमाण कागजात पेश गर्नुपर्ने रु......</td><td>१५६५६६</td></tr>
</table>

| भौचर नं र मिति | निर्माण व्यवसायी | बिजक मूल्य | मुल्य अभिवृद्धि कर | मुल्य अभिवृद्धि कर ५० प्रतिशत |
|---|---|---|---|---|
| १२६।०७६।९।३० | साझेदारी विकास मञ्च, ललितपुर | ३२०००० | ३६८१४ | १८४०७ |
| १२६।०७६।९।३० | साझेदारी विकास मञ्च, ललितपुर | ३७०००० | ४२५६६ | २१२८३ |
| १२६।०७६।९।३० | साझेदारी विकास मञ्च, ललितपुर | ४३०००० | ४९४६९ | २४७३४।५० |
| १।०७७।३।२६ | ग्लोबल लिंक टेक्नोलोजी प्रा.लि. | १०४६३८ | १२०३८ | ६०१९ |
| १२५।०७६।९।२ | ग्रामिण विकास तथा अनुसन्धान केन्द्र, मनमैजु | ४९८००० | ५७२९२ | २८६४६ |
| १२८।०७६।९।३ | ग्रामिण विकास तथा अनुसन्धान केन्द्र, मनमैजु | ५००००० | ५७५२२ | २८७६१ |
| ३९।०७७।१।२ | नेशनल स्ट्रक्चर एण्ड ईन्जिनियरिङ प्रा लि ललितपुर | ४९९२०० | ५७४३० | २८७१५ |
| | | | जम्मा | १५६५६५।५० |

६२. **कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्नेः** कार्यालयले वडा नम्बर ५ को फोन घरमा पर्खाल मर्मत योजना अन्तर्गत दिनेश बुढामगरलाई रु १००००० भूक्तानी गरेकोमा सो कार्यको कार्य सम्पन्न प्रतिवेदन तथा डोर हाजिरीको प्रमाण पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु...... १०००००

६३. **समायोजन प्रमाणः** प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश १ विराटनगरको मिति २०७६।३।१६ को पत्रानुसार सहायक पाँचौ तहमा कार्यरत रहेका श्री महेश पाखीन मिति २०७६।३।१६ को निर्णयले अधिकृत स्तर छैठौ तहमा प्रदेश मन्त्रालय अन्तर्गत कृषि ज्ञान केन्द्र खोटाङ्गमा समायोजन भएको देखियो । निजामती सेवा ऐन २०४९ अनुसार कुनैपनि कर्मचारीले हाजिर भएको मितिदेखी तलव भत्ता पाउने व्यवस्था छ । निज कृषि ज्ञान केन्द्रमा हाजिर नै नभएको तथा प्रदेश निजामती सेवामा नगएको अवस्थामा पाँचौ तहकै सेवा सुविधा प्राप्त गर्न सक्ने हुनाले निजले यसवर्ष पाँचौ तहको मासिक तलव रु २८८०० लिनुपर्नेमा रु ३५९९० को दरले भुक्तानी लिएकोले मासिक रु ७७९० ले १३ महिनाको रु १०१२७०, स्थानीय भत्ता मासिक रु ९६६० भुक्तानी लिनुपर्नेमा रु १४७६० लिएकोले मासिक रु ५११० ले वार्षिक रु ६१३२० समेत रु १६२५९० असुल गरी निजले लिएको छैठौ तहको अन्य सेवा सुविधा र भत्ता समेत यकिन गरी असुल गर्नुपर्ने देखिएको रु १६२५९०

६४. **आन्तरीक लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनः** प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ३ को उपदफा ६ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका व्यहोरा अन्तिम लेखापरीक्षण अगावै फछ्र्यौट गराउनुपर्ने व्यवस्था भएकोमा आन्तरीक लेखापरीक्षण प्रतिवेदनले औल्याएको देहायको वेरुजु हालसम्म फछ्र्यौट नभएकोले उक्त रकम देहायअनुसार फछ्र्यौट हुनुपर्ने रु. २०३४६

| क्र.सं. | भौ.नं. | विवरण | बेरुजु रकम रु |
|---|---|---|---|
| १ | १०४, १६१, १९३, २८१ | विभिन्न मितिमा तपशील बमोजिमका कर्मचारीको अनुगमन खर्चको भूक्तानीमा दोहोरो भत्ता असूल गर्नुपर्ने सब इ श्री अमन दराइ १५७६४ | २०३४६।०० |
| | ५७, ८४ | अ हे ब श्री बिषराम परियार २९६६ | |
| | ७८, ८४ | अ हे ब श्री अमित सापकोटा २९६६ | |

| | | | |
|---|---|---|---|
| | ७८ | अ हे ब श्री श्रीराम यादव १६१६ | |

**अनुसुचि १**

# पालिकाको संचितकोषको विवरण

## २०७६।०७७

प्रदेश: गण्डकी (रु हजारमा)

| क्र . सं. | स्थानीय तह | जिल्ला | | आय | | | | जम्मा आय | | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाडफाड | आन्तरीक आय | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ | ६ (२+३+४+५) | ७ | ८ | ९ | १० (७+८+९) | ११ (१+६-१०) |
| १ | नार्पाभूमी गाउँपालिका | मनाङ | १९३३१ | १११५०१ | २१८९१ | ८८७ | २३०२२ | १५७३०१ | ५४०२३ | ५८३७२ | ७६४१ | १२००३६ | ५६५९६ |

**अनुसुचि २**

## बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७६।७७

(रु हजारमा)

| सि नं | जिल्ला | स्थानिय तहको नाम | प्रारम्भिक वेरुजु | | | प्रतिक्रियावाट फछ्यौट | | | वाँकी वेरुजु | | | वाँकी वेरुजु | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगति | | सैदान्तिक | लगति | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| १ | मनाङ | नार्पाभूमी गाउँपालिका | २७ | ४९ | १७३५३ | ० | ० | ० | २७ | ४९ | १७३५३ | ११५० | ९७७९ | ६४२४ | ० | ० | १६२०३ | ० | ० | ० |

**अनुसुची ३**

## अद्यावधिक वेरुजु स्थीती

(रु हजारमा)

| क्र स | स्थानिय तह | जिल्ला | गत बर्ष सम्मको बाँकी | यो बर्षको फछ्यौट | बाकी | यो बर्ष सम्पबाट कायम बेरुजु | यो बर्षको बेरुजु | कुल बाकी बेरुजु |
|---|---|---|---|---|---|---|---|---|
| १ | नार्पाभूमी गाउँपालिका | मनाङ | ३४३१० | ८०६ | ३३५०४ | | १७३५३ | ५०८५७ |